बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड ६ संख्या १६ मिति २०७९ माघ ९,सोमवार

भाग:२

बडीमालिका नगरपालिकाको मिति २०७९/०९/२९ गते नगरसभाबाट स्वीकृत भएको

बडीमालिका नगरपालिका

हानिकारक अभ्यास उन्मुलन नीति, २०७९

सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,

रंगमल वि क

प्रमुख प्रशासकीय अधिकृत

## बडिमालिका नगरपालिका
## हानीकारक अभ्यास उन्मुलन नीति, २०७९

### १. पृष्ठभुमी :

समाज मानिसका लागि बसोबासको आधार स्तम्भ हो । समय अनुसार समुदायलाई परिस्कृत गर्दै लैजानु पर्दछ । परापूर्वकालदेखि समाजमा चल्दै आएका चालचलन, रितिरिवाज तथा संस्कारहरु समय क्रम अनुसार केही भत्कीन्छन्, केही परिमार्जित हुँदै चल्छन् । समाजमा चल्दै आएका यस्ता कार्य व्यवहार वा पहिलो पुस्ताका चालचलन तथा व्यवहार पछिल्लो पुस्ताका लागि अमान्य पनि वन्ने गर्दछन् । पहिलो पुस्ता जसरी बाँच्यो दोस्रो पुस्ता त्यही ढंगले बाँच्न नचाहने परिस्थिती समाज विकासको क्रमले देखाएको छ ।

अहिलेको समाज विकसित समाज हो । अहिलेको समाजमा मानिसको चेत निकै फराकिलो वा खुल्ला अनि प्रविधि केन्द्रित बनि रहेको छ । समाजलाई कसरी सभ्य, शान्त र विनाहानिकारक बनाउने भन्ने भार अहिलेका समाज संचालकमा रहेको छ, तपाई हामी सवैमा । किनकी समाज अहिले जसरी चल्दै गई रहेको छ, त्यहि ढंगले यसका केही नकारात्मक पक्षहरु पनि हावी हुँदै गई रहेका छन् । यसले समाज परिवर्तनको गतीलाई नकारात्मक प्रभाव पार्दै आईरहेको छ ।

समाज नकारात्मक पक्षतिर केन्द्रित बन्नुको पछाडीको कारण केही पुराना चालचलन, रितिरिवाज र कुसंस्कार छन् भने केही समय अनुसार भित्रीएका हानीकारण गतिविधि रहेका छन् । समाजलाई सकारात्मक ढंगले अगाडी बढाउने नयाँ पुराना यी व्यवधानको पहिचान गरि यसको निर्मुलीकरण नगरे भविष्यको समाज ठुलो अन्धकारमा ढल्कने निश्चित छ ।

राज्यले समाजमा देखिने बाधा व्यवधान कम गर्न तथा समाजका हानिकारक कुराहरुलाई हटाउनका लागि विभिन्न कानूनहरु निर्माण गरेको छ । देशको मुल कानूनको रुपमा रहेको संविधानले समेत हानिकारक कुराहरुलाई हटाई सभ्य शान्त समाज निर्माणको आधार खडा गरि दिएको छ । यो सँगै समाजमा देखिने त्यस्ता हानिकारक अभ्यासहरु हटाउनका लागि समेत राज्यले अन्य विभिन्न कानून वनाएको छ । नेपालको संविधानले मौलिक हकको व्यवस्था गर्दै नागरिकहरुका हक अधिकारको सुरक्षित गरेको छ । संविधानको धारा १६ मा सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्राको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २७ सुचनाको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यस्था गरेको छ । संविधानले दिएका यी अधिकारहरुलाई हेर्ने हो भने नागरिकले सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँगै भेदभाव रहित न्यायपूर्ण, समतामुलक समान निर्माणको यो प्रयत्नमा राज्य लागि परेको स्पष्ट हुन्छ ।

**१.१ समाजमा विद्यमान हानिकारक अभ्यासहरु :**

**(१) छाउपडी :** महिलाहरुको उमेरमा परिपक्कता सँगै रसस्वलाको क्रम सुरु हुनुलाई छाउहुनु भनिन्छ । यसलाई महिलाको मासिक धर्म हुने काम पनि भनिन्छ । हाम्रो समाजमा उक्त समयमा नछुने भई

CamScanner

बस्नु पर्ने समाजको गलत धारणका कारण यसलाई नछुने समय भनेर पनि चिन्ने गरिन्छ । छाउपडीलाई सामान्यतया नेपाली समाजमा महिनावारी भनिन्छ ।

(२) **बालविवाह :** कानूनले निर्धारण गरे भन्दा कम उमेरमा विवाह गर्नुलाई बाल विवाह भनिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ (१) ले विवाह गर्न व्यक्तिको उमेर २० वर्ष निर्धारण गरि दिएको छ । बीस वर्ष नपुगी कसैले विवाह गर्नु गराउनु हुँदैन । यदि कसैले २० वर्ष उमेर नुपगी विवाह गरेमा उक्त विवाह कानूनी रुपमा दण्डनीय हुनुका साथै स्वतः बदर हुने कानूनी व्यवस्था गरेको छ ।

(३) **बहुविवाह :** विवाहित पुरुषले वैवाहिक सम्वन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुलाई बहुविवाह भनिन्छ । घरमा एउटा स्वास्नी हुँदाहुँदै दोस्री स्वास्नी ल्याउनुलाई कानूनी रुपमा कसूर मानिन्छ । यो विवाह गैरकानूनी हुनुका साथै यस्तो विवाह स्वतः बदर हुने गर्दछ । साथै घरमा स्वास्नी छ भन्ने कुरा थाहा हुँदा हुँदै त्यस्तो लोग्ने मानिससँग विवाह गर्ने महिलालाई समेत बहुविवाह कसूर गरेको मानिन्छ । यस्तो कसूर गर्ने महिलालाई समेत कानूनी रुपमा सजाय हुने गर्दछ । बहुविवाह गरेमा एकवर्ष देखि पाँच वर्षसम्म कैद र दश हजार देखि पचास हजारसम्म जरिवाना हुने गर्दछ ।

(४) **घरेलु हिंसा :** घर परिवार भित्र वा घर परिवारसँग वा घरपरिवारसँग साईनो सम्बन्ध जोडिएका व्यक्ति सँग हुने हिंसाजन्य कार्यलाई घरेलु हिंसा भनिन्छ । यसलाई शारिरीक, मानसिक, आर्थिक र यौनजन्य गरि चार किसिमका यातना विभाजित गरेको छ । यदि कसै व्यक्तिलाई घरेलु हिंसा भएको अवस्थामा पीडितले नजिक प्रहरी कार्यालय, महिला आयोग, स्थानीय निकाय/तह, अदालतमा यसको उजुरी दिन सकिने कानूनी व्यवस्था गरेको छ भने घरेलु हिंसाको कसूर गरेमा कसूरदारलाई गम्भीर कसूर गरेको भएमा प्रचलिल कानून बमोजिम सजाय हुन्छ भने सामान्य घरेलु हिंसाको कसूरमा तीन हजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।

(५) **बालयौन दुर्व्यवहार :** कुनै पनि बालबालिका माथि यौनजन्य आसले हुने दुर्व्यवहारलाई बाल यौनदुर्व्यवहार भनिन्छ । जस अन्तर्गत करणीका आशयले बालबालिकालाई अस्वाभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धि निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धि आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमले यौनजन्य अस्वाभाविक व्इवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिन्छ । यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुने गर्दछ ।

(६) **जातिय छुवाछुत :** समाजमा बस्ने व्यक्तिहरु बीच तल्लो मल्लो, उच निच, छुई चोखो भन्दै एक मान्छेले अर्को मान्छेलाई छुन नदिने वा कुनै स्थानमा हिड्न, बस्न तथा प्रवेश गर्न रोक लगाउने कार्यलाई जातिय छुवाछुद संज्ञा दिएको छ । यो कार्य समेत अहिले कानूनी रुपमा दण्डनिय विषय हो । मान्छेले मान्छेलाई यस्तो व्यवहार गरि कहिल्यै सानो ठुलो ठान्नु हुँदैन । मुलुकी अपराध संहिता, २०७४ को दफा १६६ ले जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने र यस्तो व्यवहार गरेमा कानूनी रुपमा सजाय हुन सक्ने व्यवस्था गरेको छ ।



CamScanner

(७) **विभेदपूर्ण लिङ्ग छनौट :** बच्चा आमाको पेटमा हुँदै छोरा हो वा छोरी भनी पहिचान गरेर आफुलाई आवश्यक नभएको भ्रुणलाई हत्या (गर्भपतन) गराउनुलाई विभेदपूर्ण लिङ्ग छनौटको रुपमा लिन सकिन्छ । भ्रुणमा नै गर्भ पतन गराउने कुरालाई कानूनले बन्देज गरे पनि अहिले नेपाली समाजमा यो प्रचलन बढ्दो मात्रामा देखिएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ र १८९ ले गर्भपतन गर्न गराउन नहुने र कसैले यो कसूर गरेमा कानूनी रुपमा दण्डनीय हुनुपर्ने व्यवस्था गरेको छ ।

## १.२ अन्तराष्ट्रिय प्रतिबद्धताहरु :

समाजमा देखिने हानिकारक प्रचलन विरुद्ध हामी मात्र होईन विश्व समुदाय नै चिन्तित छ । ती हानिकारक प्रचलनहरुलाई हटाउनका लागि अन्तराष्ट्रिय समुदाय समेतले ठुलो प्रतिवद्धता जाहेर गरेका छन् ।

- सहस्राब्दी विकास लक्ष्य (MDGs) ले समाजमा देखिएका बाधकहरुको पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची सन २०१६–२०३० मा हानिकार प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ ।
- महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि (Convention on the Elimination of ALL Forms of Discrimination Against Women) १९७९ ।
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६ ।
- यातना विरुद्धको महासन्धि, १९८४ ।
- जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ । (Program of Action adopted at the International Conference on Population and Development, 1994); ।
- चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Deceleration and Platform for Action) ।
- सन् २०१३ मा कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

- बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)" Regional Action Plan to End Child Marriage in South Asia (2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ ।
- यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।
- बाल अधिकार महासन्धि (Child Rights Reservations)
- भ्रुण हत्या र एसिड आक्रमण सम्बन्धि कानुनी व्यवस्था (Legal Provision on Abortion and Acid act) ।

## २. वर्तमान स्थिती :

नेपालको संविधान तथा अन्य कानूनहरुले समेत समाजमा विद्यमान हानिकारक अभ्यासहरुलाई रोक्न तथा यसको निराकरण गर्नका लागि कानूनी आधार निर्माण गरि दिएको छ । यी हानिकारक अभ्यासहरुलाई कानूनी उपचारको बाटो दिन अहिले विशेष गरि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; बाल विवाह विरुद्धको रणनीति, २०७२; घरेलु हिंसा र कसुर सजाय ऐन, २०६६; अपागंता भएका व्यक्तिहरुको अधिकार संवन्धि ऐन, २०७५; छाउपडी प्रथा उनमूलन निर्देशिका, २०६४ लगायतका अन्य कानून तथा निर्देशिकाहरुले हानिकारक अभ्यासहरुको न्यूनिकरणका लागी ठुलो कानूनी आधार प्रदान गरेको छ ।

संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रका हैसियतले मानव अधिकारको संरक्षण, सम्बर्धन र परिपुर्ति गर्नु नेपाल सकारको अन्तराष्ट्रिय जवाफदेहिता पनि रहेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिलाविरुद्ध हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेद अन्त्य गर्न नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिसांको मुद्दा दर्ताको हद म्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र हानिकारक अभ्यासले पार्ने दुष्प्रभाव बिरुद्ध धर्मगुरु सहित जनचेतनाका लागि ठोस लक्ष्य, रणनीति विकास गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्नुगर्ने र बाल विवाह बदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ ।



CamScanner

यस बडिमालिका नगरपालिकामा छुवाछुत तथा छाउपडी प्रथा कुसंस्कारको रुपमा रहेको छ । यो सँगै यहाँ बालविवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट तथा अन्य लैङ्गिक हिंसाका घटना समाजमा समस्याका रुपमा रहेकाछन् । यो नगरपालिका जिल्ला सदरमुकाम रहेको नगरपालिका भएको कारण यहाँ जिल्लाका प्रमुख सरकारी कार्यालय, संघसंस्था, मिडियाहरु रहेका छन् । जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, सुरक्षित आवास घर (सेफ हाउस), नगरपालिका स्थित न्यायिक समिति लगायतको आँकडाले समेत यस नगर क्षेत्रमा बालविवाह, बहुविवाह, छाउपडी प्रथा, जातिय छुवाछुत, लैङ्गिकताका घटना दिन प्रतिदिन बढ्दै गएको अवस्था देख्न सकिन्छ । तर नगरपालिकामा नगरपालिकाको वडा नं. ३ र ६ वडा छाउपडी मुक्त वडाका रुपमा घोषण गरिएको छ भने बाँकी अन्य वडाहरु घोषणाको तयारीमा रहेका छन् । यो सँगै वडा नं. ४, ५ र ६ बालविवाह मुक्त वडा घोषणा भएका छन् भने बाँकी वडामा पनि बालविवाह विरुद्ध यस्ता विभिन्न कार्यक्रम भई रहेका छन् । यो सँगै हानिकारक अभ्यासका विरुद्ध विभिन्न चेतनामुलक कार्यक्रम समेत संचालन भई रहेका छन् ।

## ३. नीतिको आवश्यकता :

अहिले हाम्रो समाजमा विद्यमान हानिकार प्रचलन को आधिक्यता बढ्दै गई रहेको छ । समाजमा विद्यमान यी प्रचलनमा न्युनिकरण गर्दै एउटा आर्दश समाज निमार्ण गर्न एवं विद्यमान विकृतिका विरुद्ध नीति, रणनीति र कार्यदिशा तयार गर्न एवं सुधारको मार्गचित्र तयार पार्नु आजको समाजका लागि आवश्यकीय विषय हो । समाज सुधारको मार्गदर्शनलाई हामीलाई अगाडी बढाउन सके मात्र संविधानले परीकल्पना गरेको समतामूलक समाज निमार्णका लागि सहज बाटो बन्न सक्छ । यो विषय आजको समाजका लागि निकै आवश्यक बनेको छ ।

नेपालको संविधानले तीन तहको शासकीय सरकारको व्यवस्था गरेको छ । तिनवटा तहलाई नै देशको मुल कानूनमा रही आवश्यकीय अन्य कानून समेत निर्माण गर्न सक्ने अधिकार दिईएको छ । यो परिधिमा रही स्थानीय सरकारले नीति र रणनीतिहरु बनाउनुका साथै सोको कार्यान्वयन गर्न सक्ने व्यवस्था कानूनले गरेको छ । कानूनले दिएको यो अधिकारको उपभोग गर्दै समाजमा विद्यमान अप्ठ्याराहरुलाई हटाउन र समाजलाई नयाँ दिशामा रुपान्तरण गर्नका लागि स्थानीय सरकारले पनि निकै कटिबद्धताका साथ अगाडी बढ्नु पर्ने आवश्यकता देखिएको छ ।

समाजमा पहिले देखि कुरिती, कुसंस्कार तथा हानिकारक अभ्यासको रुपमा देखिएका बालविवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट, छाउपडी प्रथा र छुवाछुत जस्ता कार्यहरुले समाज विकासलाई ठुलो प्रभाव पारेको छ । समाजका यी अप्ठ्याराहरुले हामी मान्छे मान्छे बीचको व्यवहारमा भिन्नता देखिएको छ । मान्छेले मान्छेलाई गर्ने व्यवहारमा परिवर्तन देखिएको छ । यति मात्र होईन यी कुराहरुले नै समाज व्यभिचारी, कुरुप र कुसंस्कारी बनेको छ । समाजमा जरा गाडेर बसेका यी रिति, चलन तथा व्यवहारले समाज रुपान्तरणमा समस्या सिर्जना गर्नुका साथै असल समाज

निर्माणमा ठुलो चुनौती नै बनेका छन् । समाजमा रहेका यी हानिकार कुराहरुको निर्मलिकरण भए मात्र न्यायिक समाज निर्माण हुन सक्दछ । समाजमा विद्यमान यी अप्ठ्याराहरुलाई चिर्न र समाजलाई नयाँ गति प्रदान गर्नका लागि नीति निर्माणको ठुलो आवश्यकता देखिएको छ ।

देशको मुल कानूनले समतामूलक समाजको निर्माणका लागि विभेद र हिंसामुक्त कुरालाई जोड दिएको छ । हरेक प्रकारका हानिकार अभ्यास मौलाउदै जाँदा समाजमा सामाजिक न्याय सुनिश्चित हुन सक्दैन । यसले समाजलाई सकारात्मक बाटोमा भन्दा पनि नकारात्मकतामा अगाडी बढ्ने सम्भावना हुने गर्दछ । समाजलाई गतिशिल, सभ्य, शान्त र सुन्दर बनाउनका लागि समाजमा सदियौं देखि चल्दै आएका यी हानिकारक अभ्यासहरुलाई हटाउनु नै आजको प्रमुख आवश्यकता हो ।

## ४. समस्या तथा चुनौती

समाज विभिन्न धार्मिक, सांस्कृतिक, प्रथा तथा प्रचलन अनुसार चल्दै आएको छ । समाजमा यस्ता मान्यताहरुले भित्री रुपमा नै जडा गाडेको हुन्छन् । समाज परिवर्तनको विभिन्न चरणहरुले यी कुराहरु हटाउनु पर्ने मान्यता राखे पनि विविध कारणले यिनीहरु तत्काल हट्न निकै कठीन हुने गर्दछ । राज्यले समाजका केही गतल मान्यता, कार्य, व्यवहार अथवा भनौं हानिकारक कुराहरुलाई समय अनुसार परिवर्तित तथा परिमार्जित गर्दै लानु पर्ने आवश्यकता माथि जोड दिदै जान्छ । यिनीहरुलाई समाजबाट हटाउनका लागि विभिन्न कानूनको निर्माण गर्दछ तर पनि ती गलत अभ्यासहरु भई रहन्छन् । यी कार्य व्यवहारहरु कानून निर्माणले मात्र हट्न सक्दैनन् । यहि विषय नै हो अहिलेको ठुलो समस्या तथा चुनौती ।

यो सँगै हाम्रो समाज अहिले पनि चेतना स्तरमा निकै पछाडी रहेको छ । समाजमा मानिसहरु चेतना स्तरको कमीका कारण राज्यले निर्माण गरेको कानूनलाई भन्दा पनि संस्कार तथा प्रचलनको रुपमा चल्दै आएका कार्य व्यवहारलाई बदल्न सक्दैनन् । बदल्नु पर्ने आवश्यकता पनि ठान्दैनन् । राज्यले यी कुराहरुलाई हटाउनु पर्ने मान्यताका साथ जस्तो कानून निर्माण गरे पनि व्यक्तिको सोच, विचार र मान्यता त्यो विषय गलत हो, यी कुरालाई हटाउनु पर्छ भन्ने इच्छाको विकास भित्री मनबाट नहुँदा सम्म समाजमा यी हानिकार अभ्यास भई नै रहन्छन् । यसैले पनि चेतना स्तरलाई नै हामीले विकास गर्न जरुरी छ ।

प्राय: नेपाली समाज अहिले पनि आर्थिक तथा सामाजिक रुपमा निकै पछाडी रहेको छ । नार्गारकलाई दैनिक गुजारा गर्न विदेश धाउनु पर्ने तथा देशमा रोजगारीका अवसरहरु नभएको कारण पनि हाम्रो समाज आर्थिक समस्यामा गुर्ज्रेको देखिरहेका छौं । समाजमा बस्ने व्यक्तिसँग रोजगार छैन, काम गर्नलाई कुनै काम छैन भने उसले दैनिक गुजारा गर्न तथा परिवार पाल्नका लागि समेत केही न केही काम गर्नु पर्ने हुन जान्छ । समाजमा व्यक्तिले केही रहरले त केही बाध्यताले समेत विभिन्न कामहरु गरि रहेका हुन्छन् । व्यक्तिका यस्तै व्यवहारले कहीले काही सोचमा समेत परिवर्तन आई दिन्छ र उसले समाजमा हानिकारक अभ्यास गर्न भ्याई दिन्छ ।

अहिलेको समाज प्रविधियुक्त समाज हो । प्रत्येक मानिस प्रविधिसँग जोडीएको छ । प्रत्येक मानिसको हातमा मोवाईल छ, धेरैको हातमा ल्यापटप तथा कम्प्यूटर छ । ईमेल, ईन्टरनेटसँग जोडीएको छ । यी कुराहरुले मानिसलाई कसैलाई नजिक र टाढाको बनाएको छैन । सामाजिक सञ्जाल मार्फत जोडीएका छन् । टाढाको मानिससँग च्याटिङ्ग, भिडियो कुराकानू मार्फत नजिक जस्तै बनेको हुन्छ । प्रविधिले मानिसलाई धेरै कुरामा सजिलो त बनाएको छ तर गलत सोच तथा मानसिकता भएको व्यक्ति वा गलत कार्य व्यवहार गर्ने मानिसका लागि अहिलेको प्रविधी, सामाजिक सञ्जालहरुले समाजमा हानिकारक अभ्यास गर्न समेत सजिलो बनाई दिएको छ । यो कुरालाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा पनि ठुलो समस्या तथा चुनौती बनेको छ ।

## ५. लक्ष्य :

समाजका गलत कार्य व्यवहार, सोच तथा चिन्तन समेतलाई हटाउदै रुपमान्तरित समुन्नत समाज निर्माण गरि सामाजिक, आर्थिक, सास्कृति अवस्थामा सुधार गर्ने ।

## ६. उद्देश्य :

- समाजमा भएका हानिकारक अभ्यासहरु हटाउने ।
- समाजमा विद्यमान कुसंस्कार तथा कुरितीहरुलाई समय अनुकुल रुपान्तरण गर्ने ।

## ७. हानिकारक अभ्यास उन्मुलन नीति :

- हानिकार प्रचलनको अन्त्यका लागि कानुन निमार्ण गर्ने र वर्तमान अवस्था अनुसार ती कानुनहरुमा संशोधन एवं परिमार्जन गर्ने ।
- नगरपालिको आवधिक, बार्षिक योजनाहरुमा अल्पकालीन एवं दिर्घकालीन कार्यक्रमहरु समावेश गर्ने ।
- नगरपालिकाको सेवा प्रवाह गर्ने सयन्त्र हानिकार प्रचलन न्युनीकरण हुने गरी कार्यक्रम तय गरि सुधार गर्ने ।
- सरोकारवाला पक्षको संस्थागत एवं व्यक्तिगत क्षमता विकास गर्ने कार्यक्रको निमार्ण गरि कार्यान्वयन गर्ने ।
- नगर क्षेत्रमा विद्यमान हानिकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं सांस्कृतिक समस्याहरुलाई कम गर्न विषेश कार्यक्रहरु संञ्चालन गर्ने ।
- बाल विवाह, बहुविवाह, छाउपडी प्रथा, जातिय भेदभाव तथा छुवाछुत र विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि विशेष कार्यक्रमहरु तथा योजना निर्माण गर्ने ।

## ८. कार्यान्वयन रणनीति :

- नगरपालिका क्षेत्रमा विद्यमान हानिकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं सास्कृतिक समस्याहरुलाई कम गर्न समुदायका अगुवा तथा सरोकारवालको सक्रियतामा सामुदायिक सचेचना कार्यक्रम संचालन गर्ने ।
- नगरपालिकाले विद्यमान हानिकारक प्रचलका विरुद्ध सन्देशमुलक होर्डिङ्ग बोर्ड बनाई नगरपालिकाको विभिन्न स्थानमा राख्ने ।
- हानिकार प्रचलन अन्त्यका लागि विभिन्न तहका सरकार तथा सरोकारवाला संघसंस्था तथा निकाय र व्यक्तिसँग समन्वय एवम् सहकार्य गर्ने ।
- नगरपालिको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- हानिकारक प्रचलन का विरुद्ध सरकारी, गैर सरकारी, निजि क्षेत्र र नागरीक समाज को सहभागिता सुनिश्चित गर्ने ।
- हानिकारक प्रचलनहरुलाई प्रोत्साहित गर्ने प्रचलीत सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि नागरीक समाज, बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य रोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचलन अन्त्यका लागि संञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।
- नेपाल सरकार तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा समाजमा विद्यमान हानिकार प्रचलन अन्त्य का लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।
- बाल विवाह, बहुविवाह, विभेदपूर्ण लिङ्ग छनौट, छाउपडी प्रथा, जातिय भेदभाव तथा छुवाछुत विरुद्ध सडक नाटक, गीत, म्यूजिक भिडियो, पोष्टर, पप्लेट जस्ता सामाग्री निर्माण गरि सोको विभिन्न मिडिया तथा सामाजिक सञ्जाल मार्फत प्रसारण गर्ने र गर्न लगाउने ।

## ९. नीति कार्यन्वयन योजना :

- नगरपालिको वार्षिक, आवधिक योजना तर्जुमा गर्दा हानिकारक प्रचलन अन्त्यका लागि कार्यक्रम र बजेटको अनिवार्य व्यवस्था गरिनेछ ।
- नगरपालिका स्तरमा योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याकंनमा पछाडी परेका वा हानिकार प्रचलन विद्यमान रहेका समुदायको आवश्यकता पहिचान गरी सोको निदानका लागि कार्यगर्ने ।
- नगरपालिकामा सम्पर्क विन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार निकाय, संस्थाहरु संग समन्वय गरी हानीकारक प्रचलन अन्तयका लागि कार्य गर्ने ।

- हानिकार प्रचलन विद्यमान रहेका समुदायहरुको सशक्तिकरण गरि नगरपालिका क्षेत्रमा उनीहरुको सहभागिता र क्रियाशिलता लाई बढाईनेछ ।
- नगरपालिका क्षेत्रमा विद्यमान रहेका हानिकार प्रचलनका कारण समस्यामा परेका समुदायहरुलाई आधारभुत सेवा प्रदान गर्न विशेष सयन्त्र निर्माण गरीनेछ ।
- सामाजिक कार्यक्रम एवंम योजना तर्जुमा र कार्यान्वयन गर्दा हानीकार प्रचलन विद्यमान रहेका समुदायमा कार्य गर्ने प्रतिनिधि संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरीनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट हानिकार प्रचलन विद्यमान रहेका समुदायहरुको क्षमता विकास गर्ने कार्य अगाडी बढाईने छ ।
- हानिकार प्रचलन अन्त्यका लागि नगरपालिका, वडा स्तरमा समिति निर्माण गरी समस्याको सम्बोधन गरीनेछ ।
- लक्षित वर्गलाई स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।
- बालविवाह, बहुविवाह र छाउपडी प्रथा अन्त्य गर्ने नगरपालिकाले विशेष कार्यक्रम निमार्ण गर्ने एवं कार्यन्वयन गर्ने ।
- नगरपालिका क्षेत्रमा छुवाछुत अन्त्यका लागि विशेष कार्यक्रम बनाई लागु गर्ने ।
- विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८ सम्म स्थानीय तहमा कार्यान्वयन सहजीकरण समिति मार्फत योजना बनाई कार्यान्वयन गरिने छ ।
- राज्यले बनाएको कानूनको बारेमा समुदायमा सचेतना कार्यक्रम संचालन गर्ने ।
- सामाजिक सहभागिता, सक्रियता का लागि युवा, किशोरी सञ्जाल, एवम् स्थानिय सामुदायिक संस्थाहरुको सहभागितामा वृद्धि गर्ने ।
- सामाजिक उत्तरदायी कार्यक्रमको संञ्चालन गर्ने जस्तै समाजमा विद्यमान हानिकारक प्रचनलका घटना समेटी सार्वजनिक सुनवाईका कार्यक्रम संञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रमा विद्यमान हानिकार प्रचलन अन्त्यका लागि व्यवहार परीर्वतन गर्न कार्यक्रम निमार्ण गर्ने र संञ्चालन गर्ने ।
- स्थानिय स्तरमा रहेका एफएम रेडियोहरु र अन्य सामाजिक संञ्जालको बढी भन्दा बढी परीचालन एवं सहकार्य गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचनल अन्त्य गर्ने व्यक्ति एवं सस्थाहरुलाई सम्मानित गर्ने कार्य गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचलन अन्त्य गर्न समुदाय, टोल, वडा र नगरपालिका मा विद्यमान हनिकार प्रचलन मुक्त समुदाय, टोल वडा र नगरपालिका घोषणा कालागि कार्यक्रम बनाई लागु गर्ने ।

**१०. नीतिको कार्यान्वयन तथा अनुगमन समिति :**



CamScanner

नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा नगरपालिकाको सामाजिक विकास शाखा १ जना, कार्यपालिका सदस्य १ जना, पालिका स्तरको महिला समुह, दलित, आदिवासी, जनजाती, अपाङ्गता समुह, गैसस, पत्रकार महासंघ, सामाजिक, बौदिक व्यक्तित्व, स्थानीय सामाजिक कार्यकर्ताहरु, नागरिक समाज र सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरि नीति कार्यान्वयन समितिको गठन गरिने छ ।

वडामा वडा अध्यक्षको संयोजकत्वमा महिला समुह, बाल समुह, दलित, आदीबासी, जनजाती, अपाङ्गता समुह, पत्रकार, शिक्षक र सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरि नीति अनुगमन समिति गठन गरिने छ ।

यस नीतिको थप कार्यान्वयनका लागि नगरपालिकाको सामाजिक विकास शाखालाई सम्पर्क विन्दुको रुपमा जिम्मेवार दिईने छ । साथै सोही शाखा मार्फत योजना तर्जुमा एवं कार्यान्वयनको कार्यलाई अगाडी बढाईने छ ।

**अनुगमन समितिले प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु :**

- कुन समुदायमा कुन किसिमका हानिकार प्रचलन घटे सोको तथ्याङ्क संकलन गर्ने ।
- नीति निर्माण पश्चात गरिने कार्यक्रम पश्चात समुदायमा उक्त हानिकार प्रचलनमा केही फरक पन देखियो वा देखिएन सोको बारेमा समेत प्रतिवेदनमा खुलाउनु पर्ने ।
- अनुगमनको ढाँचा तयार गर्ने ।
- सो सम्यन्त्रले नीति अनुरुपका योजनाको अनुगमन गरी सार्वजनिक सूनवाई गर्ने ।
- नगरपालिका र वडा स्तरमा गरेका कार्यक्रमको प्रगती प्रतिवेदन तयार गर्ने ।

## ११. नीतिको पुनरावलोकल :

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन प्रत्येक दुई वर्षमा नीतिमा पुनरावलोकन तथा परिमार्जन तथा सुधार गरीनेछ ।



CamScanner